# दंगीशरण गाउँपालिका

## दंगीशरण गाँउपालिका शिक्षा ऐन,२०७५

नेपालको संविधान २०७२को धारा २२१ अनुसूची ८ को सूची नं ८ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ र ११ (ज) अनुसार आधारभूत तथा माध्यामिक शिक्षाको व्यवस्था गर्न बनेको ऐन

गाउँसभाबाट पारित मितिः२०७५/०३/०१

प्रमाणिकरण मितिः

प्रमाणिकरण गर्नेको दस्तखत

अध्यक्ष श्री भागीराम चौधरी

दंगीशरण गाउँपालिका,हेकुली,दाङ

प्रदेश नं ५ नेपाल

दंगीशरण गाँउपालिका शिक्षा ऐन,२०७५

गाउँसभाबाट स्विकृत मितिः२०७५र०३र०१

प्रमाणिकरण मितिः

नेपालको संविधान २०७२को धारा २२१ अनुसूची ८ को सूची नं ८ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ र ११ -ज) अनुसार आधारभूत तथा माध्यामिक शिक्षाको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : राष्ट्रिय विकासका लागि आवश्यक जनशक्ति तयार गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकुल र्सवसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम गर्न दंगिशरण गाँउपालिकाभित्र स्थापना हुने तथा स्थापना भई संचालनमा रहेका विद्यालयहरुको प्रभावकारी व्यवस्थापन गर्दै शैक्षिक गुणस्तर सुधार गरी जीवनउपयोगी तथा गुणस्तरीय शिक्षा प्रदान गर्न बाञ्छनीय भएकोले दंगिशरण गाँउपालिकाको गाउँसभाले यो ऐनबनाएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम दंगीशरण गाँउपालिका शिक्षा ऐन २०७५ रहेकोछ ।

(२) यो ऐन दंगिशरण गाँउपालिका भरी लागु हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) "प्रारम्भिक बाल विकास शिक्षा" भन्नाले चार बर्षउमेर पुरा गरेका बालबालिकालाई एक बर्षा दिईने शिक्षा सम्झनु पर्छ ।

(ख) "प्राथमिक शिक्षा" भन्नाले कक्ष एक देखि कक्षा पाँच सम्म दिईन्ो शिक्षा सम्झनु पर्छ ।

(ग) "आधारभूत शिक्षा"भन्नाले प्रारम्भीक बाल विकास शिक्षा देखि कक्षा आठ सम्म दिईने शिक्षा सम्झनु र् पर्छ ।

(घ) "माध्यामिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिईने शिक्षा सम्झनु पर्छ ।

(ङ)"बिशेष शिक्षा" भन्नाले दृष्टिविहीन,बहिरा ,अटिज्म,बैद्धिक अपाङ्गता ,सुस्त श्रवण वा अति अशक्त शारीरीक अपाङ्गताभएका बालबालिकालाई छुट्टै समुहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिईने शिक्षा सम्झनु पर्छ ।

(च) "सभा "भन्नाले दंगिशरण गाउँसभालाई सम्झनु पर्छ ।

(छ) "गाँउपालिका " भन्नाले दंगीशरण गाँउपालिका सम्झनु पर्छ ।

(ज) "सामुदायिक विद्यालय " भन्नाले नेपाल सरकार बाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(झ) "संस्थागत विद्यालय " भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृत प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ञ) " आधारभूत विद्यालय" भन्नाले प्रारम्भिक बाल विकास शिक्षा देखि कक्षा आठ सम्म शिक्षा दिने विद्यालय सम्झनु पर्छ ।

(ट) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यामिक शिक्षा सम्झनु पर्छ ।

(ठ) "विद्यालय " भन्नाले सामुदायिक वा संस्थागत विद्यालय सम्झनु पर्छ ।

(ड) " शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(ढ) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(ण) "तोकिएको वा तोकिए बमोजिम " भन्नाले यस ऐन अन्र्तग बनेको नियममा तोकिएको वा तोकीए बमोजिम सम्झनु पर्छ ।

(त) "शैक्षिक गुठि " भन्नाले विद्यालय संचालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठि सम्झनु पर्छ ।

(थ) "आधारभूत शिक्षा उत्तीर्ण परिक्षा" भन्नाले आधारभुत तहको अन्त्यमा हुने परिक्षा सम्झनु पर्छ ।

(द) "अनुमति " भन्नाले नेपाल सरकार वा गाँउपालिकाले स्थायी स्वीकृति र सहायता प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(ध) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको शर्त पुरा गरेको विद्यालयलाई नेपाल सरकार वा गाँउपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(न) "स्थायी आवासिय अनुमती " भन्नाले विदेशी मुलकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरीकलाई उपलब्ध गराएको डाईभर्सिटी इम्रिग्रन्ट भिसा -डि.भि) परमानेन्ट रेजिडेन्ट भिसा -पि.आर.) वा ग्रीनकार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरीकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिएको जुनसुकै नामको स्थायी आवासीय अनुमतीलाई समेत जनाउँछ ।

(प) "आयोग भन्नाले " शिक्षक सेवा आयोग सम्झनु पर्दछ ।

३.विद्यालय खोल्न अनुमती दिनु पर्ने : -१) कुनै नेपाली नागरीकले विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई गाँउपालिकाको शिक्षा शाखामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमती दिन मनासिव देखिएमा तोकिएको शर्त बन्देज पालन गर्ने गरी अनुमती दिनेछ ।

(३) उपदफा (२ ) बमोजिम अनुमती लिई संचालन भएको विद्यालयले तोकिएको शर्त बन्देज पालन गरेको देखिएमा तोकिएको अधिकारीले स्वीकृत प्रदान गर्नेछ ।

(४) यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४. विद्यालयको संचालन : विद्यालयको संचालन तोकिए बमोजिम हुनेछ ।

५. शिक्षाको माध्यम : (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा ,अंग्रेजी भाषा वा दुबै भाषा हुनेछ ।

(२) प्राथमिक तह सम्मको शिक्षा मातृभाषामा दिन सकिनेछ ।

(३) भाषा विषय अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषाहुन सक्नेछ ।

(४) अनिवार्य अंगे्रजी विषय अध्ययन गराउँदा अंगे्रजी भाषामा नै गराउनु पर्नेछ ।

६. विद्यालयको पाठ्यक्रम र पाठ्रयपुस्तक : (१) विद्यालयले नेपालमा सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नु पर्छ ।

(२) गाँउपालिकाले आफ्नो क्षेत्र भित्र तोकिए बमोजिम स्थानीय पाठ्रयक्रम निर्माण गरी कार्यन्यन गर्न उपदफा (१) ले बाधा पुयाएको मानिने छैन ।

७. गाँउ शिक्षा समिति : (१) गाँउपालिका भित्रका विद्यालयहरुको रेखदेख र व्यवस्थापन गर्ने काम समेतको लागि एक गाँउ शिक्षा समिति रहनेछ ।

(२) गाउँ शिक्षा समितिको बैठक आबश्यकतानुसार बस्नेछ ।

(३) गाँउ शिक्षा समितिको गठन,तथा काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

८.परीक्षा संचालन तथा समन्वय समिति : (१) गाँउपालिकाका विद्यालयहरुमा परीक्षा संचालन तथा समन्वयको लागि एक परीक्षा संचालन तथा समन्वय समिति रहनेछ ।

(२) परीक्षा संचालन तथा समन्वय समितिको बैठक आबश्यकतानुसार बस्नेछ ।

(३) परीक्षा संचालन तथा समन्वय समितिको गठन,तथा काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(४) कक्षा ५ र कक्षा ८ को बार्षिक परीक्षा संचालन हुने परीक्षा उपदफा (१) बमोजिमको समितिले संचालन गर्ने छ ।

९. विद्यालय व्यवस्थापन समिति : (१) सामुदायिक विद्यालयको संचालन ,रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(२) विद्यालय व्यवस्थापन समितिको बैठक आबश्यकतानुसार बस्नेछ ।

(३) विद्यालय वयबस्थापन समितिको गठन,तथा काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१०.गाँउपालिकाले निर्देशन दिन सक्ने : गाँउपालिकाले आवश्यक्ता अनुसार गाँउ शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्देशनको पालन गर्नु गाँउ शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

११. गाँउपालिकाले विद्यालय सर्नि ,गाभ्न,नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने : गाँउपालिका वा तोकिएको अधिकारीले गाँउशिक्षा समितिको राय लिई संचालन भईरहेका कुनै विद्यालयलाई एक स्थान बाट अर्को स्थानमा सर्नि वा दुई वा दुई भन्दा बढि विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाँउमा वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी संचालन गर्न अनुमती वा स्वीकृती दिन सक्नेछ ।

१२.विद्यालयको सम्पत्ति : (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ ।

(२) शैक्षिक गुठि अर्न्तगत संचालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ ।

(३) कम्पनी अर्न्तगत संचालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

१३. विद्यालयलाई छुट र सुविधा : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालय र शैक्षिक गुठिको रुपमा संचालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारीत गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

१४. विद्यालयको बर्गिकरण : विद्यालयलाई तोकिएको आधारमा बर्गीकरण गरिनेछ ।

१५. विद्यालयलाई सुरक्षित र शान्तिपुर्ण क्षेत्रको रुपमा कायम गर्नु पर्ने : विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन अध्यापन गर्ने वाताबरण सिर्जना गर्न तथा विद्यालय हाता भित्र कुनै पनि किसिमको आवान्छीत क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित र शान्तिपुर्ण क्षेत्र कायम गर्नु पर्ने छ ।

१६. शुल्क सम्बन्धी व्यवस्था : (१) नेपाल सरकार वा गाँउपालिकाले निशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाको लागि सामुदायिक विद्यालयहरुले विद्यार्थिहरुको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैनन ।

(२) उपदफा (१ ) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले आफ्नो इच्छाले सामुदायिक विद्यालयलाई दिएको दान ,उपहार,चन्दा सहयोग लिन सकिनेछ ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यामिक तह सम्मको निशुल्क शिक्षा प्रदान गर्नका लागि नेपाल सरकार वा गाँउपालिकाले आवश्यक श्रोतको व्यवस्थ गर्नेछ ।

१७. शिक्षक तथा कर्मचारीको पदिय आचरण र अन्य व्यवस्था : (१) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हर्टाईने छ ।

(क) पदिय दायित्व पुरा नगरेमा

(ख) बिना सूचना लगातार पन्ध्र दिन भन्दा बढि समय विद्यालयमा अनुपस्थित भएमा ,

(ग) बिद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा ,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालत बाट सजाय पाएमा

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीहरुले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यवसायिक क्रियाकलाप संचालन गरेमा ।

(च) सामुदायीक विद्यालयका शिक्षकहरुले विद्यालयमा विद्यार्थीहरुबाट शूल्क लिई टियूसन कक्षा सञ्चालन गरेमा ।

.(छ) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारीणी समितिको सदस्य रहेको पाइएमा ।

यस दफामा जुनसुकै कुरा लेखेको भएता पनि एक पटक सफाई पेश गर्ने मौका नदिई पद बाट हर्टाईने छैन ।

१८.स्थायी आवासीय अनुमती लिन नहुने : सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले स्थायी आवासीय अनुमती लिन वा त्यस्तो अनुमती प्राप्त गर्नको लागि आवेदन दिन हुदैन । यो दफा प्रारम्भ हुन अघि कसैले स्थायी आवासीय अनुमति लिएको भए वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि निवेदन दिएको भए त्यस्तो शिक्षक वा कर्मचारीलाई भविष्यमा अयोग्य ठहरीने गरी सेवा बाट बर्खास्त गरीनेछ ।

१९. शैक्षिक योग्यता : विद्यालयका शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ ।

२०. शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने : गाँउ शिक्षा समितिले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

२१. बालबालिका निष्काशन गर्न शारीरिक र मानसिक दर्व्यवहार गर्न नहुने :(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाईने छैन ।

-२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारिरीक वा मानसिक यातना दिने वा दर्व्यवहार गर्न पाईने छैन ।

२२. शिक्षकको सरुवा : (१) सरुवा हुन चाहाने शिक्षकले तोकिए बमोजिमको फाराम भरी गाँउपालिकाको शिक्षा शाखामा निबेदन दिनु पर्नेछ ।

(२) शिक्षकको सरुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२३. तलब भत्ता नपाउने र सेवा अवधी गणना नहुने : नियम अनुसार विदा स्वीकृत गर्राई बसेको अवस्थामा बाहेक विद्यालय अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधीको तलब भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवा अवधीमा गणना हुने छैन ।

२४. अध्यापन अनुमती पत्र लिनु पर्ने : आयोगबाट अध्यापन अनुमति पत्र नलिई कसैले पनि विद्यालयमा शिक्षण गर्न पाउने छैन ।

२५. विद्यालय कोष : -१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहनेछ ।जसमा देहायका रकम रहनेछन ।

(क) नेपाल सरकार ,प्रदेश सरकार र गाँउपालिका बाट प्राप्त अनुदान

(ख) जिल्ला समन्वय समिति बाट प्राप्त अनुदान ।

(ग) चन्दा ,दान ,दातब्य बाट प्राप्त अनुदान ।

(घ) अन्य श्रोत बाट प्राप्त अनुदान ,

२६. अनुमति नलिई शैक्षिक परामर्श ,ब्रिज कोर्षकार्यक्रम वा शिक्षण कोर्षसंचालन गर्न नहुने : (१) कसैले पनि गाँउपालिका बाट अनुमति नलिई शैक्षिक परामर्श सेवा,ब्रिज कोर्ष,भाषा शिक्षण कक्षा वा पुर्व तयारी कक्षा वा टियूसन वा कोचिङ्ग सेन्टर यस गाउँपालिका भित्र संचालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम संचालनको अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजि हुनेछ ।

२७. प्रारम्भिक बाल विकास शिक्षा : (१) प्रारम्भिक बाल विकास शिक्षाको संचालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

(२) गाँउपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिम अनुदान दिन सक्नेछ ।

२८ .अनौपचारीक शिक्षा : गाँउपालिकाले स्थानिय आवश्यक्ताको आधारमा अनौपचारीक शिक्षा ,विशेष शिक्षा,निरन्तर सिकाई, दुर शिक्षा तथा समावेसी शिक्षाको कार्यक्रमहरु संचालन गर्न सक्नेछ ।

२९. सामुदायिक सिकाई केन्द्र संचालन गर्न सक्ने : गाँउपालिकाले समुदायमा साक्षरता सिप विकास,आयआर्जन तथा सिपमुलक कार्यक्रम संचालनको लागि तोकिए बमोजिम सामुदायिक सिकाई केन्द्र संचालन गर्न सक्नेछ ।

३०. प्रगति विवरण बुझाउनु पर्ने : संस्थागत विद्यालयले प्रत्येक बर्षतोकिए बमोजिमका विवरण सहित प्रगति विवरण तथा शैक्षिक सत्र सुरु हुनु भन्दा १५ दिन अगावै अभिभावकहरुको भेलाबाट शुल्क प्रस्ताव परित गर्राई उक्त शुल्क प्रस्ताव विद्यालय व्यवस्थापन समितिवट अनुमोदन गर्राई गाँउपालिकामा बुझाउनु पर्नेछ ।

३१. दण्ड र सजाय : (१) कसैले विद्यालयको सम्पत्ति हिनामिन गरेमा वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले विगो असुल गरी जरिवान गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा र,गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुयाएमा त्यस्तो ब्यक्तिलाई कसुरको मात्रा हेरी एक लाख रुपैया सम्म जरिवाना वा छ महिना सम्म कैद वा दुबै सजाय हुनेछ ।

(क) प्रश्नपत्रको गोपनियता भङ्ग गरेमा

(ख) उत्तरपुस्तिाका परीक्षण वा जाँच गर्दा लापरवाही वा गैरजिम्मेवारी पुर्ण कार्य गरेमा ।

(ग) परीक्षा केन्द्रमा सम्बन्धीत पदाधिकारीको स्विकृत बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा ।

(घ) परीक्षाफल प्रकाशनमा अनियमिता गरेमा

(ङ) अरुको तर्फबाट परीक्षा दिएमा

(च) परीक्षाको मर्यादा भङ्ग हुने अरु कुनै कार्य गरेमा

(छ) विद्यार्थि भर्ना गर्दा दान,उपहार वा कुनै रकम लिएमा ।

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम ,शैक्षिक परामर्श सेवा ,ब्रिज कोर्ष,भाषा शिक्षण कक्षा, पुर्व तयारी कक्षा तथा विद्यालय भित्र विद्यार्थीहरुबाट शुल्क लिएर टियूसन कक्षा सञ्चालन गरेमा ।

३२. अदालतको आदेश बाट पुर्नबहाली हुन सक्ने : विभागीय सजाय पाई नोकरी बाट हर्टाईएको वा बरखास्त भएको शिक्षक अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुर्णबहाली हुन सक्नेछ ।

३३. मुद्दा हेर्ने अधिकारी : (१) दफा (३१) बमोजिम सजाय हुने कसुर सम्बन्धी मुद्दामा कारबाही किनारा गर्ने अधिकार स्थानीय गाउँशिक्षा अधिकारीलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय गाउँशिक्षा अधिकारीले गरेको सजाय उपर ३५ दिन भित्र न्यायिक समितिमा पुनरावेदन लाग्नेछ ।

(३) यस ऐन बमोजिम कारबाही तथा सजाय हुने मुद्दामा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले सम्बन्धीत सरकारी वकिल कार्यालयको परामर्श तथा सहयोग लिन सक्नेछ ।

३४. दरबन्दी सिर्जना गर्न सक्ने : नेपाल सरकारद्धारा स्वीकृत दरबन्दी नभएका र दरबन्दी अपुग भएका विद्यालयहरुका लागि गाँउपालिकाले आवश्यक्ता अनुसार स्रोत व्यहोर्ने गरी निश्चित समयको लागि करार शिक्षक तथा कर्मचारीको पद सिर्जना गरी शिक्षक छनौट समितिबाट पदपुर्ति गर्नेछ ।

३५.विद्यालय मर्ज तथा दरवन्दी मिलान गर्न सक्ने : गाँउ शिक्षा समितिले गाउँपालिका भित्रका विद्यालयहरुको विद्यार्थी सङख्याका आधारमा विद्यालय मर्ज तथा विद्यालयहरुको दरवन्दीको आवश्यकताका आधारमा दरवन्दी मिलान गर्न सक्नेछ ।

३६ . नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाँउ कार्यपालिकाले नियम बनाउन सक्नेछ ।

३७ . निर्देशिका बनाउन सक्ने : यस ऐनको कार्यान्वयनको लागि गाँउ शिक्षा समितिले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

३८. बाधा अडकाउ हटाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अडकाउ परेमा गाँउपालिकाले त्यस्तो बाधा अडकाउ हटाउन आदेश जारी गर्न सक्नेछ त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

३९ . बचाऊ र लागु हुने : (१) यो ऐन र यस ऐन अर्न्तगत बनेको नियममा लेखिए जतिको कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानून बमोजिम हुनेछ । गाँउ शिक्षा समितिले गरेको काम कारबाही यसै ऐन बमोजिम भएको मानिनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले विद्यालयको सम्पत्ति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन २०५९ अर्न्तगत कारबाही चलाउन बाध पर्ने छैन ।

(३) यस ऐनको कुनै दफा तथा उपदफाहरु संविधान संग बझिएको हकमा स्वतः निश्क्रिय हुनेछ ।